कार्यपालिका बैठक संख्याः- ९

मितिः २०८२/१२/१७

आज मिति २०८२ ~~फागुन~~ चैत्र १७ गते मंगलबारको दिन नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवाको अध्यक्ष श्री नुर्बु स्याङ्बो घलेज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी देहायको प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

<u>उपस्थितिः-</u>

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्बु स्याङ्बो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडाध्यक्ष- १ नं. वडा | |
| ४ | डाबु ग्याल्बो थोक्रा | वडाध्यक्ष- २ नं. वडा | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडाध्यक्ष- ३ नं. वडा | |
| ६ | ज्ञानी वाईवा | वडाध्यक्ष- ४ नं. वडा | |
| ७ | श्याम बहादुर थिङ | वडाध्यक्ष- ५ नं. वडा | |
| ८ | यो नुर्पु तामाङ | वडाध्यक्ष- ६ नं. वडा | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङ्नी | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङ्नी | कार्यपालिका सदस्य | |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | सुर्य बहादुर तामाङ | सचिव | |

मितिः २०८२/१२/१७

कार्यपालिका बैठक संख्याः- ९

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. आ.व. २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।

३. गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण सम्बन्धमा ।

४. राष्ट्रिय आर्थिक गणना कार्यमा सहजीकरण र सहयोग सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

निर्णयहरुः-

१. यस गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यन्वयन भएको भन्ने समिक्षा गरियो ।

२. मिति २०८२ चैत्र १८ गते नौकुण्ड गाउँपालिका ६ नं. वडा कार्यालय, सर्स्युमा रेडियो लाङटाङ ९०.३ मेगाहर्ज मार्फत सहजिकरण र सञ्चालन हुने यस गाउँपालिकाको २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा सबै शाखाहरुको प्रगति विवरण सहित गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिहरु सक्रिय रुपमा सहभागी हुने निर्णय गरियो ।

३. सङ्घीय मामिला तथा सामान्य प्रशास मन्त्रालय (स्थानीय तह समन्वय शाखा), सिंहदरबार, काठमाडौंको प.सं. २०८२/०८३, च.नं. ३१८ मिति २०८२/१२/०८ को पत्रानुसार गरिब परिवार पहिचना तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम राज्य सुविधा परिचयपत्र वितरण सम्बन्धमा परिपत्र भएकोले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत यस गाउँपालिकामा प्राप्त भएका गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा ३० बमोजिम स्थगित गर्नुपर्ने बाहेकको राज्य सुविधा परिचयपत्र वितरण गर्ने निर्णय गरियो ।

४. राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाडौंको प.सं. २०८२/०८३, च.नं. ९१४ मिति २०८२/११/१९ को पत्रानुसार मिति २०८२ वैशाख २ गते देखि २०८३ असार ७ गते सम्म सञ्चालन हुने आर्थिक गणना २०८२ कार्यलाई सहयोग र सहजीकरण गर्न देहायबमोजिमको स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नौकुण्ड गाउँपालिका अध्यक्ष- श्री नुर्बु स्याङ्वो घले | -संयोजक |
| नौकुण्ड गाउँपालिका उपाध्यक्ष- श्री चन्द्र बहादुर गलान | - सदस्य |
| सुरक्षा प्रतिनिधि- पारच्याङ प्रहरी चौकी- श्री बल बहादुर गुरुङ | - सदस्य |
| व्यापार सङ्घ संस्थाको प्रतिनिधि- श्री मेम्बर थिङ तामाङ | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत- श्री सुर्य बहादुर तामाङ | - सदस्य सचिव |

५. यस गाउँपालिकामा आ.व. २०८२/०८३ मा बजेट विनियोजन भई कार्यसम्पन्न भएका तपसिल बमोजिमका आयोजनाको अनुगमन प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न भएका पूर्वाधार आयोजना सम्बन्धित उपभोक्ता समितिले नै रेखदेख र मर्मत संभार गर्ने गरी उपभोक्ता समितिहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

CamScanner

मितिः २०८२/१२/१७

कार्यपालिका बैठक संख्याः- ९

| क्र.सं. | योजनाको नाम | ठेगाना | उ.स. अध्यक्षको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | गुर्फुक गुम्बा गुफा निर्माण | नौकुण्ड ३ | सुब्बा लामा | २००००० | |
| २ | लाच्र्याङ झ्याटी म्राङ स्याउ किबि थोपा सिंचाई निर्माण | नौकुण्ड ३ | काजी थिङ | ४००००० | |
| ३ | गुम्चेत गुफा निर्माण | नौकुण्ड ३ | छेसाङ दावा तामाङ | ३००००० | |
| ४ | घिचेत बस्ती अधुरो बाटो पिसिसि ढलान | नौकुण्ड ३ | रमेश घले | ३००००० | |
| ५ | वडा नं. ४ सडक सरसफाई | नौकुण्ड ४ | कामि सिङ दोम्राङ तामाङ | ७००००० | |

६. प्रस्तुत विषयमा आ.ब. २०८२/०८३ मा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित रोजगार सृजना हुने विकास निर्माणका आयोजनाहरुमा विषेश कारणले समयको अभाव हुने भएकोले लाभग्राहीको रुपमा प्राथमिकीकरणको आधारमा छनौट भएका लाभग्राहीहरुलाई न्युनतम ८० दिन र अधिकतम ८५ दिन हुने गरी काममा लगाउने निर्णय गरियो ।

७. यस नौकुण्ड गाउँपालिकाले आत्मसात गरेको उत्कृष्ट कामको रुपमा कफी खेती प्रवर्द्धन र दुध तथा दुग्धजन्य पदार्थ उत्पादन कार्यलाई आधार बनाई प्रस्तुतीकरण तयार गरी प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुर पठाउने निर्णय गरियो ।

८. नौकुण्ड गाउँपालिकाको कार्यायको नाममा कित्ता नं. १७७४ मा रहेको (०-६-०-०) रोपनी जग्गा नौकुण्ड १ लाङ्वु खेलकुदमैदान निर्माणको लागि उपयोग गर्न दिने निर्णय गरियो ।

९. आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौबाट जारी भएको करदाता सेवा कार्यालयहरुबाट सेवा प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुबाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०८२ अनुसार नौकुण्ड गाउँपालिकामा उक्त सेवाहरु प्रवाह गर्नको लागि आन्तरिक राजश्व कार्यालय सँग समझदारीपत्र (MOU) गर्ने निर्णय गरियो ।

१०. यस नौकुण्ड गाउँपालिका लाई कृषि तथा पशुपन्छि विकास मन्त्रालय बाट मिति २०८२/१२/१५ को पत्र अनुसार एक पालिका एक चिस्यान केन्द्र निर्माणको लागि विवरण माग भई आएकोले उस कार्यक्रम संचालनको लागि यसै नौकुण्ड गाउँपालिका वडा नं ५ बडहरे स्थित नौकुण्ड गाउँपालिका को नाममा रहेको मालपोत कार्यालय रसुवा को नौकुण्ड गाउँपालिका अन्तर्गत साविक भोर्ले वार्ड नं ७ कि.नं १२७७ ,१२८०,१२८२ मा रहेको ५ रोपनि जग्गामा निर्माण गर्ने गरी कार्यक्रम माग गर्ने निर्णय गरियो ।

CamScanner

मितिः २०८२/१२/१७

कार्यपालिका बैठक संख्याः- ९

११.नौकुण्ड गाउँपालिका पाठ्यपुस्तक निर्माण समिति उपसमिति तथा अन्य सरोकारवालाहरुद्धारा तयार पारीएको स्थानिय पाठ्यपुस्क शैक्षिक शत्र २०८३ दे लागु/अध्यापन गर्नेगरी स्वीकृत गर्ने निर्णय पारीत गरियो ।

१२. नौकुण्ड गाउँपालिका स्थानिय पाठ्यक्रम कम्प्युटर विषय कक्षा ६-८ निर्माण समिति उपसमिति तथा अन्य सरोकारवालाहरुद्धारा तयार पारीएको स्थानिय स्थानिय पाठ्यक्रम कम्प्युटर विषय कक्षा ६-८ शैक्षिक शत्र २०८३ देखी लागु/अध्यापन गर्नेगरी स्वीकृत गर्ने निर्णय पारीत गरियो

१३. अपाङ्गता भएका व्यक्तिहरुका लागि आधारभूत कम्प्युटर तथा एआई तालिम कार्यक्रम रु. ३ लाखको बजेटको अधिनमा रही खर्च गर्ने गरी प्रस्तावना स्वीकृती गरी श्री नमुना अपाङ्ग समाज, रसुवालाई कार्यक्रम सञ्चालन गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

१४. यस नौकुण्ड गाँउपालिकाबाट आव २०८२/०८३ मा विनियोजित ५० प्रतिशत अनुदानमा गाईको बाच्छी/पाडी वितरण कार्याक्रम शिर्षकमा बजेट विनियोजन भएको र उक्त कार्यक्रम संचालन गर्न सहजता तथा मागको आधारमा दुधालु पशुमा २० प्रतिशत वा बढिमा २० हजार नबढ्ने गरि दुधालु पशु खरिद गरि बाच्छि/पाडी उत्पादन गर्न कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

१५. नौकुण्ड गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी नुवाकोट जिल्ला शाखा बीच निःशूल्क रगत तथा रक्ततत्त्व आपूर्तिको लागि चालु आ. ब. २०८२/०८३ मा विनियोजित जिल्ला स्तरीय जुनियर रेडक्रस बैठक तथा रक्तदान कार्यक्रमबाट सम्झौता बमोजिम रकम नेपाल रेडक्रस सोसाईटी

CamScanner